# दिगो सरसफाइ प्रबर्द्धनमा पाँचथरबासीको ऐकबद्धता
# सरसफाइयुक्त नमूना जिल्ला बनाउने हाम्रो प्रतिबद्धता
# पूर्ण सरसफाइ रणनैतिक योजना
## (बि.सं. २०७१- २०७४)




## जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
## पाँचथर

## शब्दावली

**D-WASH-CC :** ( Distreict Water, Sanitation and Hygiene Coordination Committee ( जिल्ला स्तरीय खानेपानी , सरसफाइ तथा स्वच्छता ( वास) समन्य समिति)

**V-WASH-CC :** ( Village Water, Sanitation and Hygiene Coordination Committee ( गाउँस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता ( वास) समन्वय समिति

**WASH :** Water , Sanitation and Hygiene ( खानेपानी ,सरसफाइ तथा स्वच्छता (वास)

**SLTS:** School Led Totasl Sanitation

**CLTS :** Community Led Total Sanitation

**DDC :** District Development Committee

**VDC :** Village Development Committee

**Hygiene :** यस रणनीतिमा **Hygiene** भन्नाले स्वास्थ्य , स्वस्थ र स्वच्छता तीनवटै शव्द बुझिन्छ

**CBO :** ( Community Based Organization )

**TSMV/M** : ( Total Sanitation Model VDC/Municipality)

<u>बिषय सूची</u>


१. पुष्ठभूमि

२. खुल्ला दिसामुक्त अभियानका उपलब्धिहरु

३. रणनैतिक योजनाको औचित्य

५. परिकल्पना

६. अपेक्षित उपलब्धिहरु

७. लक्ष्य

८.उद्देश्यहरु

९.योजनाको अवधि

१०. रणनीतिहरु

११. गतिविधिहरु

१२. पूर्ण सरसफाइ र स्वच्छताको आनीबानीमा परिवर्तनका सूचकहरु

१३. श्रोत व्यवस्थापन

१४. सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

१५. जोखिम व्यवस्थापन

१६.संगठनात्मक ढाँचा

१७. समतिको काम, कर्तव्य , भूमिका र जिम्मेवारी

१८. सहजकर्ता र सामाजिक परिचालकका जिम्मेवारीहरु

१९. अनुगमन तथा मूल्याङ्कन

२०. तथ्याङ्क संकलनका फारामहरु

२१. अनुसूचिहरु

१. पृष्ठभूमि : नेपाल सरकारको राष्ट्रिय सरसफाइ गुरुयोजना – २०६८ मा आधारित भएर पाँचथर जिल्लाले समुदायको पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानीमा सकारात्मक परिवर्तनका लागि पूर्ण सरसफाइ रणनैतिक योजना – २०७१ तयार गरेको छ । यस योजनाले जिल्लामा खानेपानी तथा पूर्ण सरसफाइका आधारभूत सूचकहरु हाँसील गर्न सहयोग पुर्याउँदछ । यस जिल्लाका सम्पूर्ण राजनैतिक दल ,सरकारी तथा गैरसरकारी निकाय, शैक्षिक संस्था, विभिन्न बस्ती र समुदायमा रहेका समिति तथा समूहहरु, महिला स्वयंसेविका, स्थानिय क्लव, बुद्धिजीवी, संचारकर्मी तथा आम नागरीकहरुको सद्भाव, सहयोग, समन्वय र सहकार्यमा यो जिल्ला मिति २०७० साल माघ १२ गते सोमवारका दिन बिषेश समारोहका बीच पूर्वाञ्चल विकास क्षेत्रमा पहिलो र नेपालको १२ औं जिल्लाको रुपमा खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको छ ।

खुल्ला दिसामुक्त घोषणा पूर्ण सरसफाईको पहिलो चरण भएको र घोषणा पछि निरन्तर रुपमा सरसफाइका थप क्रियाकलापहरु खानेपानी, सरसफाइ र स्वच्छतामा सकारात्मक र दिगो परिवर्तनका लागि स्पष्ट सोचका साथ कार्य गर्नुपर्ने हुँदा "दिगो सरसफाइ प्रवर्द्धनमा पाँचथरबासीको ऐकबद्धता सरसफाइयुक्त नमूना जिल्ला हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ अबको यात्रा पूर्ण सरसफाइ तर्फ केन्द्रीत गराउँदै जिल्लालाई पूर्ण सरसफाइको नमूना जिल्ला बनाउनको लागि पूर्ण सरसफाइ रणनैतिक योजना – २०७१ तयार गरि लागू गरिएको छ ।

नेपाल सरकारले सन् २०१७ सम्ममा सम्पूर्ण नेपालीहरुको घरमा आधारभूत स्तरको चर्पीको व्यवस्था गरि देशलाई खुल्ला दिसामुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य भन्दा ४ बर्ष पहिलेनै सन् २०१३ मा यो जिल्ला खुल्ला दिसामुक्त घोषणा भएको छ यो हामी सबै जिल्लाबासीको ईज्जत , सम्मान, प्रतिष्ठा र गौरवको बिषय हो यसको अतिरिक्त यस सफलताको लागि जिल्लाले लिएको रणनीति अनुसार सफल भएका बिषयहरु : अनुदानलाई शून्य गर्ने, दानवीर कार्यक्रम र सरसफाइ कोषको व्यवस्था , टोल टोल र बस्ती बस्तीमा जागृतिमूलक कृयाकलापहरुको संचालन, क्षमता विकासका गतिविधिहरु निरन्तर रुपमा संचालन , कार्यदल, सचिवालयको व्यवस्था आदि अन्य जिल्लाहरुले समेत अनुकरण गर्नु र आफ्नो जिल्लाको सिकाईहरु अन्य जिल्लामा अनुभवको रुपमा आदान प्रदान गर्नु अर्को महत्पवूर्ण उपलब्धि हो ।

## २. खुला दिसामुक्त अभियानका उपलब्धीहरु :

जिल्लालाई सन् २०१३ भित्रमा खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्ने लक्ष्य अनुसार सरसफाइ प्रवर्द्धनका लागि संचालन गरिएका विभिन्न कृयाकलापहरु र यस कार्यमा भएको सबैको सहकार्य र समन्वयको फलस्वरुप हाल यस जिल्लाका सम्पूर्ण घरधुरीहरुमा मापदण्ड अनुसारको पक्की शौचालय निर्माण भै प्रयोगमा आएको , समुदायमा सरसफाइको महत्वको ज्ञान भै शौचालयको प्रयोग र साबुन पानीले हात धुने बानी ब्यहोराको विकास हुँदै गएको छ । अन्य सरसफाइका एकाईहरु : फोहोर खाल्डो , जुठेल्नो आदिको निर्माण र प्रयोग तथा खेर गएको पानीको उचित व्यवस्थापन भएको छ, व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाईमा क्रमश : सुधार हुँदै आएको छ भनें प्रत्येक बर्ष हुने सरुवा रोगमा कमी हुँदै आएको छ । जिल्लामा पूर्ण सरसफाई अभियान संचालन पछि खुल्ला दिसामुक्त घोषणाको अवधि सम्ममा भएको उपलब्धिलाई तथ्याङकगत रुपमा निम्न अनुसार उल्लेख गरिएको छ ।



- माथि उल्लेख गरिए अतिरिक्त यस अवधिमा जिल्लाका विभिन्न विद्यालयका विद्यालय व्यबस्थापन समितिका पदाधिकारीहरु, शिक्षक अविभावक संघका सदस्य, शिक्षकहरु र बालबालिकाहरुलाई सरसफाइ र स्वच्छता सम्बन्धी तालिम प्रदान गरिएको छ जसले विद्यालय सेवा क्षेत्रमा धेरै जागृति ल्याएको छ भने सरसफाइको क्षेत्रमा नयाँ सृजनशील प्रयोग र उपलब्धीहरु हाँसिल भैरहेका छन् ।
- यस जिल्लामा अवलम्बन गरिएको रणनीति तथा राम्रा अभ्यासहरु अन्य जिल्लामा समेत प्रयोग गरिएको र यसको सकारात्मक प्रभाव परेको छ ।

## ३. रणनैतिक योजनाको औचित्य :

पाँचथर जिल्लाले पूर्ण सरसफाइ नमुना जिल्लाको रुपमा आफ्नो परिचयका साथ सरसफाइ कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाईरहेको छ । फलस्वरुप बिभिन्न निकायसंगको साझेदारी र सहयोगमा ३८ गा.बि.स. र १ नगरपालिका ( तत्कालिन अवस्थामा ४१ ग.वि.स.) लाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरी सिंगो जिल्लालाई नै पूर्वाञ्चल विकास क्षेत्रकै पहिलो खुल्ला दिसामुक्त जिल्ला घोषणा गरि सकिएको छ । आगामी लक्ष्य भनेको पूर्णसरसफाइयुक्त जिल्लाको रुपमा स्थापना गर्नु हो । पूर्णसरसफाइको निम्ति जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने बानी, सुरक्षित पानी र खानाको प्रयोग, सफा घरआँगन र सफा वातावरण जस्ता अवस्थाहरु हुनु आवश्यक छ जसका लागि स्वच्छ पिउनेपानीको व्यवस्था, शौचालयको नियमित प्रयोग, फोहोरको उचित व्यवस्थापन, व्यक्तिगत सरसफाइ, घरायसी र वातावरणीय सरसफाइ हुनु नितान्त आबश्यक हुन जान्छ । त्यसको लागि समयमा नै योजना निर्माण गरी योजनाबद्ध कार्यक्रमको कार्यान्वयन अपरिहार्य हुन जान्छ । उक्त अपरिहार्यतालाई आत्मसात गर्दै आगामी दिनमा जिल्लाले अवलम्बन गर्नु पर्ने कार्यनीतिलाई समेटेर यो रणनैतिक योजना तयार पारिएको छ । सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्यलाई हासिल गर्न जिल्लाले गर्नु पर्ने कार्यहरु सहित अवलम्बन गर्नुपर्ने सरसफाइ नीति तथा त्यसको कार्यान्वयन रणनीतिलाई प्रष्ट्याउनु यस रणनैतिक योजनाको मुख्य आशय हो । साथै उक्त रणनीति बमोजिम अगाडि बढ्न आवश्यक पर्ने स्रोतको खोजी र परिचालन  स्थानीय निकाय, दातृसंस्था, सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता गरी यस अभियानमा संलग्न सबैमा अपनत्वको भावनाको विकास गरी यसको दिगोपनाको सुनिश्चितता प्रदान गर्नु नै यसको उद्धेश्य हो । साथै यस रणनैतिक योजनाबाट बिगतमा भएगरेका सरसफाइ सम्बन्धि गतिबिधिहरुको समिक्षा गरी त्यसबाट भावी दिनमा गर्नुपर्ने र गर्न सकिने सुधारात्मक उपायहरुको खोजी गर्दै अगाडि बढ्न मद्धत पुग्ने अपेक्षा समेत गरिएको छ ।

**४. परिकल्पना :** पाँचथर जिल्लालाई सन् २०७४ सम्ममा  पूर्ण सरसफाइ तथा स्वच्छताको  आनीबानीमा सकारात्मक परिवर्तन भएको नमूना जिल्ला बनाई स्वच्छ, समुन्नत, सुन्दर र स्वस्थ समुदायको निर्माण गर्ने ।

## ५. अपेक्षित उपलव्धिहरु :

### ५.१ पहुँच ( Access )

पाँचथर जिल्लाका सम्पूर्ण घरधुरीमा सुधारिएको सरसफाइ तथा खानेपानी सुविधाको पहुँच र प्रयोग भइ स्वास्थ्य, सरसफाइ तथा स्वच्छताको आनीबानीमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

### ५.२ समानता ( Equity)

खानेपानी तथा  सरसफा इ संरचनाहरु बाल, लैंगिक, बृद्धबृद्धा तथा अपाङगता र प्रयोगकर्ता मैत्री  हुनेछन् ।

### ५.३ संलग्नता (Involvement)

खानेपानी , सरसफाइ तथा स्वच्छता प्रबर्द्धन अभियानमा सरकारी तथा गैरसरकारी निकाय , दातृ निकाय , निजी क्षेत्र, संचारकर्मी , नागरिक समाज तथा उपलव्ध संचार माध्यमहरुको प्रभावकारी परिचालन भएको हुनेछ ।

### ५.४ ज्ञान र सीपको विकास ( Knowledge and Skill development)

जिल्लाका सम्पूर्ण घरपरिवारमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि ज्ञान र सीपको विकास भई चरणबद्ध रुपमा जिल्लाका ३८ गा.वि.स.हरु र १ नगरपालिका वि.स. २०७४ सम्ममा पूर्ण र दिगो सरसफाइ तथा स्वच्छताको आनीबानीमा  सकारात्मक परिवर्तन हुनेछ ।

**५.५ सेवा प्रदान (Service Delivery )** : जिल्ला खानेपानी,  सरसफाइ तथा स्वच्छता समन्वय समिति (D-WASH-CC) ले माथि उल्लेखित अपेक्षित उपलव्धिहरु प्राप्तीको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ  , यस कार्यमा सहयोगका लागि (D-WASH-CC)  ले एक कार्यदल गठन गरि जिम्मेवारी प्रदान गर्नेछ ।

## ६.लक्ष्य :

- जिल्लाको सबै तह र वर्गका जनताहरुलाई न्यूनतम र आधारभूत सरसफाइ र खानेपानी सुविधा उपलब्ध गराउने जसका कारण दुषित पानी र खराब सरसफाइका कारण लाग्ने सरुवा रोगमा कमी आउने छ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छतालाई राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी निकायहरु , विकासका साझेदारहरु, शैक्षिक तथा सामाजिक संघसंस्थाहरु, विभिन्न समिति तथा समूहहरु, संचार क्षेत्र तथा आम नागरिकको प्राथमिकतामा पार्ने ।
- खानेपानी तथा सरसफाइ सुबिधाको विकास एवं विस्तार गर्ने ।
- सरसफाइ तथा स्वच्छताको बानी व्यवहारमा दिगो र सकारात्मक सुधार ल्याई स्वस्थ र सिर्जनशील नागरिक तयार गर्ने ।
- पाँचथर जिल्लालाई सरसफाइ र स्वच्छताको क्षेत्रमा नमूना जिल्लाको रुपमा विकसित गर्ने ।

**७.उद्देश्यहरु :** यस रणनैतिक योजनाको निम्न उद्देश्यहरु रहेका छन्

- खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धनका लागि जिल्लामा रहेका श्रोतहरुको पहिचान र एकिकृत रुपमा परिचालन गरि वि.सं. २०७४ साल सम्ममा यस जिल्लालाई पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानीमा परिवर्तन भएको नमूना जिल्लाको रुपमा विकसित गर्ने ।
- जिल्ला भित्र विभिन्न निकायहरुबाट संचालन भएका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यको विवरण तयार गरि सूचना व्यवस्थापन गर्ने र सो को जिम्मेवारी जिल्ला कार्यदल लाई दिने ।
- पूर्ण सरसफाइ कार्यक्रम संचालन गर्न आर्थिक, भौतिक , तथा प्राविधिक श्रोतहरुको विकास एवं परिचालन गर्न उपयुक्त नीति तय गर्ने ।
- पाँचथर जिल्लाका सवै सार्वजनिक स्थलहरुमा आवश्यकता अनुसार प्राथमिकताक्रम निर्धारण गरि पानी सहितको सार्वजनिक शौचालयको निर्माण तथा त्यसको प्रयोगको सुनिश्चित गर्ने ।
- सबै घरहरु, संघसंस्था र सार्वजनिक स्थानहरुमा निर्माण भएका शौचालयको उचित प्रयोग र ब्यबस्थापन गरी जिल्लाको वातावरणीय सरसफाइमा सुधार ल्याई जिल्लालाई पूर्ण सरसफाइयुक्त बनाउने ।
- सबै विद्यालयहरुमा खानेपानी र सरसफाइ सुविधा पुऱ्याई बालमैत्री शिक्षा तथा सबैका लागि शिक्षा अभियानलाई सहयोग पुऱ्याउने ।
- समुदाय र विद्यालयमा सरसफाइ सम्बन्धी एवं साबुन पानीले हातधुने ज्ञान र सीपको बिकास गरी सरसफाइको अभावको कारणले लाग्ने रोगहरुमा कमी ल्याई स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।
- विभिन्न प्रविधिमा आधारित खानेपानी योजनाहरुको निर्माण, मर्मत सम्भार र खानेपानीको सुरक्षा योजना सञ्चालन गरी शत प्रतिशत जनसंख्यालाई खानेपानी सुविधा पुऱ्याउने ।
- खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समितिहरु, बाल क्लवहरु, जुनियर युवा रेडक्रस सर्कलहरुको संस्थागत विकास गर्ने र जिल्ला, गा.वि.स. र विद्यालय स्तरमा जनशक्ति विकास गरी कार्यक्रमलाई दिगो बनाउने ।
- पूर्ण सरसफाइ तथा स्वच्छतालाई विकासको मूल प्रवाहमा ल्याउने व्यवस्था मिलाउने

**८. लक्षित समूह :** पाँचथर जिल्लामा बसोबास गर्ने सबै घरपरिवारहरु , सरकारी तथा गैरसरकारी निकाय, संघ संस्थाहरु, शैक्षिक संस्थाहरु, सार्वजनिक स्थलहरु, ऐतिहासिक महत्वका धार्मिक स्थलहरु, विभिन्न समूहहरु तथा समितिहरु यस रणनैतिक योजनाको लक्षित समूह हुनेछन् ।

**९.योजनाको अवधि :** यस रणनैतिक योजनाको अवधि बि.सं. २०७१ साल साउन देखि २०७४ साल असार मसान्त सम्म ३ बर्षको हुनेछ ।

**१०.रणनीतिहरु :** पाँचथर जिल्लामा पूर्ण र दिगो सरसफाइ प्रबर्द्धनका लागि निम्न रणनीतीहरु अबलम्बन गरिने छ

**१०.१ जिल्ला स्तर :**

- राष्ट्रिय सरसफाइ गुरु योजना – २०६८ अनुसार खानेपानी, सरसफाइ, तथा स्वच्छताको क्षेत्रमा काम गर्ने हरेक निकायले नगरपालिका र गा.वि.स. स्तरीय रणनैतिक योजना र कार्य योजनामा एकिकृत गरेर मात्र सरसफाइ कृयाकलापहरु संचालन गर्ने ।
- खानेपानी, सरसफाइ, तथा स्वच्छताको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले गाउँ, नगर र जिल्ला परिषद्बाट पारित गराएर मात्र कार्यक्रम संचालन गर्ने परिपाटीको विकास गरिने छ ।

- खानेपानी तथा सरसफाइको क्षेत्रमा विनियोजित रकमको कम्तिमा २० प्रतिशत रकम सरसफाइ र स्वच्छताको क्षेत्रमा खर्च गर्ने नीतिगत व्यवस्थालाई कार्यान्वयन गरिने छ ।
- जिल्ला विकास समितिले खानेपानी क्षेत्रमा प्राप्त बजेटको कम्तिमा २० प्रतिशत रकम सरसफाइ र स्वच्छताको क्षेत्रमा खर्च गर्ने नीतिगत व्यवस्था गरिने छ ।
- जिल्लामा निर्माण गरिने व्यक्तिगत , संस्थागत र सार्वजनिक भवनमा अनिवार्य रुपमा खानेपानी सहितको शौचालयको व्यवस्था गर्ने ।
- जिल्लामा कृयाशील गैरसरकारी संस्थाहरुले परियोजना प्रस्तावना तयार गर्दा सरसफाइ र स्वच्छताको क्षेत्रलाई अनिवार्य रुपमा प्राथमिकतामा राख्नु पर्नेछ ।
- पूर्ण सरसफाइ प्रबर्द्धनमा अनुदानलाई पूर्ण रुपमा निरुत्साहित गरि यस अघि संचालन गरिएको दानवीर कार्यक्रमलाई निरन्तरता दिईने छ । खुल्ला दिसामुक्त जिल्ला घोषणा अघि जिल्ला तथा गा.वि.स. स्तरमा रहेको सरसफाइ कोषको बृद्धि र निरन्तरताका लागि छुट्टै नीति तय गरिने छ ।
- सरसफाइ तथा स्वच्छता प्रबर्द्धनका लागि महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्ति तथा संस्थाहरुलाई पुरस्कृत र सम्मान गर्ने यस अघिको अभ्यासलाई निरन्तरता दिईने छ ।
- पूर्ण सरसफाइ तथा स्वच्छताको आनिबानीमा परिवर्तनको क्षेत्र घोषणा गर्ने विद्यालय,गा.वि.स. तथा नगरपालिकालाई थप अनुदानको लागि शिफारीस गरिने छ ।
- सरकारी कार्यालय तथा संघसंस्थाको कार्यालयमा लैगिक तथा अपाङग मैत्री चर्पी निर्माणमा बिषेश जोड दिईने छ ।
- सरकारी, गैरसरकारी तथा वित्तीय निकायमा सेवा लिन आउने सेवाग्राहिलाई चर्पीको प्रयोग , मर्मत तथा सम्भार र स्तरोन्नतीका लागि प्रोत्साहन गरिने छ ।
- जिल्ला स्थित राजनैतिक दलद्धारा चुनावी घोषणा पत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छतालाई प्राथमिकतामा राखिने छ ।
- गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति ( V-WASH-CC) को नेतृत्व र व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संघ संस्थाको आर्थिक तथा प्राविधिक सहयोगमा अभियान संचालन गरिने छ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छतालाई सम्पूर्ण जिल्लाबासीको जीवन शैलीसँग आबद्ध गरि जीवन पद्धतीको रुपमा विकास गरिने छ ।
- विपद् जोखिम न्यूनिकरण र जलवायु परिवर्तन समायोजन र न्यूनिकरण एवं व्यबस्थापनलाई Cross Cutting सवालको रुपमा यो पूर्ण सरसफाइ अभियानमा समावेश गराइनेछ ।
- सार्वजनिक शौचालय निर्माणको लागि जिल्ला भरी एकै प्रकारको सहयोग नीति लिईने छ , यस प्रकारको सहयोगलाई एकद्धार प्रणलीबाट उपलव्ध गराईने छ भनें वायो ग्याँस जडित चर्पी निर्माण गर्ने घर परिवारलाई जिल्लाको तर्फबाट न्यूनतम टोकन सहयोग गरिने नीति लिईने छ ।
- पूर्ण सरसफाइ अभियानलाई बहस, पैरवी तथा जागृतिमूलक कार्यक्रम मार्फत घरदैलो सम्म पुर्‍याउन जिल्लामा रहेका सबै संचार माध्यमहरुलाई साझेदारीको रुपमा परिचालन गरिने छ ।
- जिल्ला स्तरमा यस अघि तयार गरि परिचालन गरिएका श्रोत व्यक्तिहरुको थप क्षमता विकासका लागि पुनर्ताजगी कार्यक्रम संचालन गरिने छ ।
- जिल्ला तथा गा.वि.स. स्तरको सरसफाइ कोषको रकम बृद्धि गरि प्रभावकारी परिचालन गरिने छ ।
- गा.वि.स. तथा नगरपीलका स्तरमा कार्यक्रम संचालन गर्दा उक्त क्षेत्रका सम्पूर्ण सरोकारवाला निकाय तथा समुदायको पूर्ण सहभागिता सुनिश्चित गरिने छ ।
- हरेक गा.वि.स. र नगरपालिकाको अलग अलग पूर्ण सरसफाइ रणनीतिक योजना तयार गरी कार्यक्रम कार्यान्वयन गरिने छ भने जिल्ला तहबाट प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- स्थानीय निकायबाट पूर्ण सरसफाइ अभियानलाई नियमित वजेट विनियोजन गराउने ब्यबस्था मिलाइनेछ
- प्रत्येक बर्ष राष्ट्रिय स्तरमा मनाईने सरसफाइ पर्वहरु जस्तैः विश्व पानी दिवस, विश्व वातावरण दिवस , , राष्ट्रिय सरसफाइ सप्ताह, विश्व चर्पी दिवस, विश्व हात धुने दिवस आदिलाई सम्पूर्ण विद्यालय, कार्यालय तथा संघसंस्थाले अवसरको रुपमा उपयोग गरी चेतनामूलक र बानी ब्यबहार परिवर्तन पर्वको रुपमा मनाइनेछ ।

- कुनै पनि समुदायले पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्दा D-WASH-CC र सम्बन्धित गा.वि.स. तथा समुदायले निर्धारण गरेका मापदण्ड पुरा गरेपछि जिल्लाको प्राविधिक टोलीको अनुगमन गरी उपयुक्त छ भन्ने प्रतिवेदन दिएपछि मात्र घोषणा गरिने छ ।
- पूर्ण सरसफाइ प्रबर्द्धनका लागि स्थापना गरिएको सचिवालयमा एक जना सम्पर्क व्यक्ति तोकिने छ र सचिवालयमा यस सँग सम्बन्धित सम्पूर्ण विवरणहरु अद्यावधिक गरिने छ ।
- खानेपानी , सरसफाइ तथा स्वच्छता सम्बन्धि व्यापक प्रचार प्रसारका लागि रेडीयो कार्यक्रम, सार्वजनिक स्थानमा होडीङ वोर्ड , सरसफाइ सडक नाटक जस्ता कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिने छ ।

## १०.२ नगरपालिका/गा.वि.स. स्तर :

- हरेक निकायहरुले नगरपालिका तथा गा.वि.स. स्तरमा संचालन गर्ने कार्यक्रमहरु नगरपालिका/गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सँग समन्वय गरेर मात्र संचालन गर्नुपर्ने छ ।
- समुदायका विभिन्न Cluster मा जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यास कार्यक्रम संचालन गरिने छ ।
- समुदायलाई सरसफाइका एकाईहरु : फोहोर फाल्ने खाल्डो, जुठेल्नो, भाँडा सुकाउने मचान, लुगा सुकाउने डोरी व्यवस्थापन गर्न प्रोत्साहित गरिने छ ।
- समुदायको सहभागिता, सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग, सहकार्य र समन्वयमा कार्यक्रम संचालन गरिने छ ।
- समुदायमा आधारित संघसंस्थाहरुलाई यस अभियानमा पूर्ण रुपमा परिचालन गर्ने नीति लिईने छ ।
- नगरपालिका र प्रत्येक गा.वि.स. ले खानेपानी आयोजनाको २० प्रतिशत बजेट सरसफाइ तथा स्वच्छतामा लगानी गर्ने छन् ।
- खानेपानी आयोजना संचालन भएको समुदायमा आयोजना सम्पन्न सँगै शतप्रतिशत सरसफाइ तथा स्वच्छता प्रबर्द्धन गरिने छ ।
- यस अघि तालिम प्राप्त श्रोत व्यक्तिहरुको क्षमता विकासका लागि पुनर्ताजगी कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक वन , आमा समूहहरु तथा अन्य स्थानिय समूहहरुले आफ्नो कोषको निश्चित प्रतिशत रकम सरसफाइमा विनियोजन र खर्च गर्ने व्यवस्था मिलाईने छ ।
- गा.वि.स. का प्रत्येक वडाहरुमा पूर्ण सरसफाइ प्रबर्द्धनमा सहयोग पुग्ने गरि प्रज्वलक ( Triggerer ) उत्पादन गरि परिचालन गरिने छ ।
- गा.वि.स. मा रहेका सामाजिक परिचालक तथा अन्य सरकारी तथा गैरसरकारी निकायका कर्मचारी तथा स्वयंसेवकहरु समेतलाई यस अभियानमा परिचालन गरिने छ ।
- नगरपालिका तथा गा.वि.स. ले स्थानिय राजनैतिक दलको समेत सहभागितामा पूर्ण सरसफाइ प्रबर्द्धन कार्ययोजना तयार गरि कार्यान्वयन गर्नेछन् ।
- अनुदानलाई निरुत्साहित गरि दानवीर कार्यक्रमलाई प्रभावकारी बनाईने छ र गा.वि.स. स्तरको सरसफाई कोषको प्रभावकारी परिचालन गरिने छ ।

## १०.३ वडा तथा समुदाय स्तर :

- समुदाय स्तरमा जागृतिमूलक कार्यक्रम संचालन गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समितिले आफ्नो आम्दानीको कम्तिमा १० प्रतिशत रकम सरसफाइ तथा स्वच्छता प्रबर्द्धनका लागि खर्च गर्नुपर्ने छ ।
- स्थानिय राजनैतिक दलहरुद्वारा आफ्ना भातृसंगठनहरु तथा कार्यकर्ताहलाई सरसफाइ प्रबर्द्धनका लागि परिचालन गरिने छ ।
- विद्यालयहरुमा अब निर्माण हुने शौचालयहरुमा अनिवार्य रुपमा युरिनलको व्यवस्था गरिने छ ।
- विद्यालय स्तरमा वाल क्लव, स्काउट र जुनियर युवा रेडक्रस सर्कल परिचालन गरि सरसफाइ प्रबर्द्धनमा तिब्रता दिईने छ ।

## १०.४ नीतिगत व्यवस्था :

दिगो र पूर्ण सरसफाइ प्रबर्द्धनका लागि जिल्ला स्तरमा जिल्ला स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति ( D-WASH-CC) क्रियाशील रहने छ । D-WASH-CC को काम , कर्तव्य र अधिकार राष्ट्रिय सरसफाइ गुरु योजना – २०६८ मा व्यवस्था भए बमोजिम हुनेछ । फिदिम नगरपालिकामा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिने छ र गा.वि.स. स्तरमा गठन भै क्रियाशील गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई निरन्तरता दिइने छ जिल्ला, नगरपालिका तथा गा.वि.स. स्तरको समितिको बैठक बर्षमा कम्तिमा ६ पटक बस्ने छ । सबै तहका पूर्ण सरसफाइ प्रबर्द्धन कार्यक्रम सम्बन्धित स्थानिय निकायमा पेश गरि परिषद्बाट पारित गराउनु पर्ने छ ।

### कार्यनीति

यस पूर्ण सरसफाइ अभियानलाई लक्ष्यमा पुर्याउनको लागि निम्न कार्यनीतिहरु अबलम्बन गरिने छ :

- बहस पैरवी र जनतेचता अभियान

कार्यक्रमलाई घरदैलो सम्म पुर्याउनको लागि निम्न तरीकाहरु कार्यान्वयनमा ल्याईने छ :

- संचार माध्यमको परिचालन /संचार माध्यममा पहुँच अभिबृद्धि
- क्षमता विकासका लागि तालिम, गोष्ठी तथा सेमिनार
- दिवश तथा पर्वहरुको आयोजना ( राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवश, विश्व पानी दिवश आदि...)
- सरसफाइ मेला महोत्सव
- अवलोकन भ्रमण
- पोष्टर पम्प्लेट होडीङ वोर्ड
- घरदैलो कार्यक्रम , सडक नाटक दोहोरी गित प्रतियोगिताहरु
- अन्य उपयुक्त तरीकाहरु

**सार्वजनिक शौचालयहरुको निर्माण र संचालन**

- सार्वजनिक स्थल, चौक एवं संघ संस्थाहरुमा बाल, लैगिक तथा अपाङ्ग मैत्री सार्वजनिक शौचालय निर्माण , व्यवस्थापन र प्रयोग गरिने छ ।
- सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापनमा नीजि तथा सार्वजनिक संस्थाहरुको सहभागिता बढाईने छ ।
- सार्वजनिक शौचालयका लागि पानीको उचित व्यवस्थापन गरिने छ ।

**सरसफाइ सम्बन्धि नियमको विकास :**

सरसफाइलाई जीवनको नियमित र अपरिहार्य प्रक्रिया बनाउनको लागि तथा निर्माण भएका सरसफाइका एकाईहरुको नियमित प्रयोग र मर्मत तथा सम्भारका लागि समुदाय स्तरमा सरसफाइका नियमहरुको तयारी गरि लागू गरिने छ ।

**नेतृत्वदायी संस्थाहरुको परिचालन**

पूर्ण सरसफाइ कार्यक्रमको समग्र नेतृत्व तथा कार्यान्वयन जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्ने छ र यस अन्तर्गतको कार्यदललाई गतिविधिहरुको प्रभावकारी कार्यान्वयनमा जिम्मेवारी दिईने छ । कार्यक्रमलाई तोकिएको समय भित्र सम्पन्न गर्न आवश्यकता अनुसार जिल्ला , नगरपालिका तथा गा.वि.स. स्तरमा खानेपानी , सरसफाइ तथा स्वच्छताको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु , क्लवहरु , समुदायमा आधारित संस्थाहरु र विद्यालयहरुलाई परिचालन गरिने छ ।

**सबै कार्यक्रममा सरसफाइ** :सरसफाईलाई समग्र रुपमा निम्न कार्यक्रमको अभिन्न अंगको रुपमा अगाडी बढाईने छ :

- शिक्षा र सरसफाइ
- यातायात र सरसफाइ
- पर्यटन र सरसफाइ
- खानेपानी र सरसफाइ
- कृषि र सरसफाइ

- स्वास्थ्य र सरसफाइ
- ऊर्जा र सरसफाइ
- जीविकोपार्जन र सरसफाइ
- शसक्तिकरण र सरसफाइ
- विकास र सरसफाइ

**संचार समन्वय र सहयोग :**

- सरसफाइ ईज्जत, प्रतिष्ठा र सम्मानको बिषय हो, विकासको आधारशिला हो, सभ्यताको प्रतिक हो भन्ने शन्देशलाई निरन्तर रुपमा स्थानिय संचार माध्यमद्धारा प्रचार प्रसार गर्ने
- सरसफाइमा उत्कृष्ट कार्य गर्ने समूहका लेख , रचना, अन्तर्वार्ता प्रसारण गर्ने
- सरसफाइ सम्बन्धि उत्प्रेरणामूलक सामग्रीहरु उत्पादन र संकलन गरि प्रशारण र प्रकाशन गर्ने
- स्थानिय स्तरमा आयोजना हुने सभा तथा गोष्ठीहरमा सरसफाइ बिषय समावेश गर्ने
- विद्यालय तथा सार्वजनिक स्थानहरुमा होडीङ वोर्डहरु व्यवस्थापन गर्ने

**नौला तथा शिर्जनशील विधिहरु :**

- समुदाय , भाषा र भौगोलिकतालाई मध्यनजर गरि अभियान संचालन गर्ने
- स्थानिय श्रोत र साधनको अधिकतम परिचालन गर्ने
- कम  लगानी र नौलो प्रविधिमा जोड दिने
- बायो व्याँस निर्माणमा जोड दिने
- कार्वन उत्सर्ग गर्ने प्रविधिलाइ निरुत्साहित गर्ने

**सहकार्य र साझेदारी**

यस अभियानमा सम्पूर्ण राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी निकायहरु, सुरक्षा निकायहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायहरु, विद्यालय, महिला स्वयंसेविकाहरु, समुदाय तथा बस्तीहरुमा रहेका समूह तथा समितिहिरु, निगरानी समूह, स्थानिय सहकारी, क्लवहरु, पूर्व जनप्रतिनिधिहरु, धार्मिक संस्थाहरु, बायो व्याँस कम्पनीहरु, ऊर्जा विकास सँग सम्बन्धित संस्थाहरु, संचार माध्यमहरु तथा आम नागरिकहरुको सहकार्य र साझेदारी रहने छ । यसका अतिरिक्त विद्यालयमा निर्माण गरिने खानेपानी तथा शौचालयको लागि शिक्षा मन्त्रालय मार्फत जिल्ला शिक्षा कार्यालयमा प्राप्त हुने अनुदान रकम प्राथमिकताको आधारमा यसै कार्यविधि अनुसार कार्यक्रम संचालन गरिने छ त्यसैगरि सरसफाइले स्वाथ्यमा पारेको प्रभावको अधययन स्वास्थ्य कार्यालयको साझेदारीमा गरिने छ ।

**शहरी सरसफाइ**

पाँचथर जिल्लाको सदरमुकाम फिदिम नमूना शहरको रुपमा विकास हुँदै रहेको र जिल्लाका ग्रामिण बजारहरु समेत विस्तार हुँदै गएको परिप्रेक्षमा भविष्यमा विस्तारित बजारको जनसंख्याको चापलाई मध्यनजर गर्दे स्थानिय निकायहरुले सरसफाइ सेवा र सुविधाको योजना बनाउँदा लागत सहभागिता , प्रविधि, मर्मत सम्भार र दिगोपनामा उचित ध्यान दिनु पर्ने छ । व्यवस्थित अनुगमन तथा कार्यान्वयन मार्फत ढल निकास सहित शहरी सरसफाइ प्रणालीको दीगोपनालाई सम्बन्धित नगरपालिका, जि.वि.स. र सरोकारवालाहरुसँग समन्वय गरि सुदृढ बनाईने छ । शहरी क्षेत्रमा सरसफाइ सम्बन्धि योजना तर्जुमा र कार्यान्वयन गर्दा पूर्ण सरसफाइको मर्मलाई आत्मसाथ गरिने छ । शहरी क्षेत्रको फोहोर मैलाको उचित व्यवस्थापनका लागि निम्न रणनीतिहरुलाई ध्यानमा राखिने छ :

- सरसफाइका विकल्पहरुलाई आत्मसाथ गर्ने
- फोहोर मैलाहरुलाई श्रोतमानै कम गर्ने
- समुदायको सहभागिता सुनिश्चित गर्ने
- कम्पोष्ट मल बनाउने र फोहोर मैलाको पुनः प्रयोगका लागि समुदायको क्षमता विकास गर्ने
- बर्षाद्को पानी, घरबाट निस्कने फोहोर, उद्योग, अस्पताल आदिबाट निस्कने फोहोरमैलाको अलग अलग संकलन प्रशोधन र विसर्जन प्रणालीको व्यवस्थापन गर्ने ।
- ल्याण्डफिल्ड साइटको लागि उपयुक्त दिगो व्यवस्थापन गर्ने
- सार्वजनिक शौचालय निर्माण र व्यवस्थापन
- अस्थायी व्यवसायी र कामदारको व्यवस्थापन
- व्यवस्थित मासु, तरकारी तथा फलफूल पसलको व्यवस्थापन

- अव्यवस्थित फूटपाथको व्यवस्थापन
- निर्माण भएका शौचालयका प्रयोग र स्तरउन्नती

**लैगिक मूलप्रवाहीकरण**

पूण सरसफाइको अभियानमा लैगिक सम्वेदनशीलतालाई आत्मसाथ गरिने छ । जिल्ला देखि स्थानिय स्तरका सवै समितिहरुमा कम्तिमा पनि एक तिहाई महिला सदस्यको प्रावधानलाई सुनिश्चितता गरिने छ । लैगिक सम्वेदनशीलतालाई ध्यानमा राखि वकालत , सूचना र शिक्षा सामग्रीहरु तयारी गरिने छ ।

**११.गतिविधिहरु** :यस रणनैतिक योजनामा उल्लेख गरिएको लक्ष्यलाई प्राप्त गर्नका लागि निम्न उल्लेखित प्रवर्द्धनात्मक, प्रोत्साहनमूलक र क्षमता अभिबृद्धिका गतिविधिहरु संचालन गरिने छ :

### ११.१ प्रबर्द्धनात्मक गतिविधिहरु :

- नगरपालिका तथा गा.वि.स.हरुले पूर्ण सरसफाइयुक्त घर, वडालाई पूर्ण सरसफाइ परिचय पत्र वितरण र सो को अभिलेखन गर्ने
- पोष्टर , ब्रोसर , पम्प्लेट , होडीङ वोर्ड आदि उत्पादन र व्यवस्थापन
- सरकारी तथा गैरसरकारी निकायका कार्यालयहरुमा सरसफाइ र स्वच्छता सम्बन्धि घोषणा पत्र जारी गर्ने
- पाँचथर जिल्ला खुल्ला दिसामुक्त जिल्ला घोषणाको अवसर पारेर हरेक बर्षको माघ १२ गतेलाई जिल्लाको सरसफाइ बर्षको रुपमा घोषणा गरि उक्त दिन जिल्लाभर सरसफाइ सम्बन्धि विभिन्न कृयाकलापहरु संचालन गर्ने र पर्वको रुपमा मनाउने
- खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि सार्वजनिक सुनुवाइ कार्यक्रम बर्षमा १ पटक आयोजना गर्ने
- विभिन्न संचार माध्यमबाट सरसफाइ तथा स्वच्छता सम्बन्धि सूचना , सफलता कथाहरु प्रसारण तथा रेडीयो अन्तर्वाता संचालन गर्ने
- जिल्ला , नगरपालिका तथा गा.वि.स.स्तरका राजनैतिक दललाई खुल्ला दिसामुक्त पश्चातको अवस्था र पूर्ण सरसफाइ सम्बन्धि सम्वेदनशील बनाउन र सहयोग प्राप्त गर्न १ दिने प्रशिक्षण कार्यक्रम संचालन गर्ने
- खानेपानी , सरसफाइ र स्वच्छता सम्बन्धि प्रतियोगितात्मक कार्यक्रमको आयोजना गर्ने र उत्कृष्ट समूहहरुका लागि पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने

### ११.२ प्रोत्साहन मूलक गतिविधिहरु :

- सरकारी सेवा सुविधामा पूर्ण सरसफाइको आनीबानीमा परिवर्तन भएको घरलाइ पहिलो प्राथमिकता दिने र अन्यलाई पूर्ण सरसफाई प्रबर्द्धन गर्न प्रोत्साहन गर्ने
- पूर्ण सरसफाइ भएका घरका विद्यार्थीहरुलाई शिक्षा कार्यालय तथा विद्यालयबाट प्रोत्साहन गर्ने ।
- विवाह गर्दा पूर्ण सरसफाइयुक्त घरमा जाने कुराको प्रचार प्रसार गर्ने

### ११.३ क्षमता अभिबृद्धिका गतिविधिहरु :

#### जिल्ला स्तर

- जिल्लामा रहेका सरसफाइको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरु, सेवा प्रदायक संस्थाहरु, संचारकर्मी, जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरुका लागि पूर्ण सरसफाइ प्रवर्द्धन सम्बन्धि गोष्ठीको आयोजना गरि क्षमता अभिबृद्धि गर्ने ।
- जिल्ला स्तरमा पूर्ण सरसफाइ प्रबर्द्धनका लागि प्रशिक्षक प्रशिक्षण संचालन गर्ने र तालिम प्राप्त प्रशिक्षक हरुलाई नगरपालिका तथा गा.वि.स. स्तरमा तालिम संचालन र सहजीकरणका लागि परिचालन गर्ने
- जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका पदाधिकारी, राजनैतिक दल, सेवा प्रदायक संस्थाहरु र संचारकर्मीहरुका लागि सरसफाइको उत्कृष्ट कार्य भएको जिल्लामा अवलोकन भ्रमणको व्यवस्था गर्ने
- पूर्ण सरसफाइ प्रबर्द्धन कार्यमा भएका सफलताहरु, उत्कृष्ट अभ्यासहरु , सिकिएका पाठहरु, आदिको संकलन अभिलेखन, भिडीयो रेकर्डीङ र मार्केटीङ समेत गर्नका लागि जनशक्ति तयार गर्न आवश्यक तालिम संचालन गर्ने
- जिल्ला कार्यदलको सचिवालयको भौतिक क्षमता विकास गर्ने

नगरपालिका /गा.वि.स. स्तर

- नगरपालिका/ गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका पदाधिकारी तथा सामाजिक परिचालनकका लागि अभिमुखीकरण गोष्ठीको आयोजना गर्ने
- नगरपालिका/ गा.वि.स. स्तरीय पूर्ण सरसफाइ रणनैतिक योजना तयार गरि कार्यान्वयन गर्ने
- नगरपालिका/ गा.वि.स.स्थित राजनैतिक दलहरु, सरकारी तथा गैरसरकारी निकायहरु, विद्यालय, क्लव तथा अन्य जिम्मेवार निकायहरु र समूहहरुका लागि पूर्ण सरसफाइ अभिमुखीकरण कार्यक्रम संचालन गर्ने
- समुदायमा उत्प्रेरणामूलक कार्यक्रम/जागृतिमूलक कार्यक्रम संचलनका लागि प्रज्वलक ( Triggerer ) हरुको तालिम संचालन गरि परिचालन गर्ने ।
- नयाँ बन्ने संस्था तथा घरहरुमा शौचालय निर्माण, बनेका शौचालयहरुको मर्मत तथा सम्भारका लागि स्थानिय स्तरमा शौचालय मिस्त्री तालिम संचालन गरि जनशक्ति व्यवस्थापन गर्ने ।
- समिति, समूह तथा समुदायको क्षमता विकासका लागि अन्य कृयाकलापहरु संचालन गर्ने

## १२. पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानीमा परिवर्तनका चरणहरु र सूचकहरु :

**१२.१ चरणहरु :**पूर्ण सरसफाइ मार्ग निर्देशन अनुसार पूर्ण सरसफाइ नमूना गा.वि.स./नगरपालिका ( Total Sanitation Model VDC/Municipality - TSMV) कार्यक्रमका चरणहरु निम्न अनुसार रहेका छन् :

- समूह निर्माण
- अवस्था बिष्लेषण र मूल्याङ्कन
- प्रबर्द्धन
- प्रमाणिकरण
- सम्मान तथा कदर

**१२.२ सूचकहरु :**

| बिषय | सूचकहरु | प्रमाणिकरणका आधारहरु |
|---|---|---|
| चर्पीको प्रयोग | • सबैले सधैं चर्पीमा दिसा गरेको<br>• नियमित रुपमा चपीको सरसफाइ<br>• चपीमा साबुन र पानीको व्यवस्था भएको | • परिवारका सदस्यहरुलाई अझ बिषेश गरि वालवालिका र बृद्धबृद्धासँगको अन्तर्वाता<br>• दुर्गन्धको पहिचान<br>• अवलोकन |
| साबुन पानीले हात धुने बानी | • चर्पीको प्रयोग पछि , खाना बनाउनु , खानु र खुवायनु अघि, फोहोर कुरा र विषादि छोएपछि साबुन पानीले हात धुने गरेको<br>• बिरामी तथा बच्चाको स्याहार सुसार गर्नु अघि र पछि | • परिवारका सदस्यहरुसँग छलफल<br>• अवलोकन |
| सुरक्षित पानी | • पीउने पानी, खन्याउने, राख्ने भाँडा सफा र छोपेर राखेको<br>• खानेपानी सुरक्षा योजना लागू भएको वितरण प्रणालीको पानी पीउने गरेको<br>• पीउने पानी असुरक्षित भए शुद्धिकरण गरि पीउने गरेको | • अवलोकन<br>• समूह छलफल<br>• पानी सुद्धिकरण विधिको अवलोकन र छलफल |
| सुरक्षित खाना | • पकाउने भाँडा र भान्सा सफा र सुरक्षित तथा खाना छोपेर राखेको<br>• पकाएर खानेकुराहरुलाई ७० डिग्री माथि तापक्रममा पकाएर खाने गरेको<br>• खानेकुरा भण्डारणको उचित व्यवस्थापन गरेको<br>• पकाएको र काँचो खानेकुरा अलग अलग गरेको | • आन्सा कोठाको अवलोकन<br>• परिवार सदस्यसँग छलफल |

| | | |
|---|---|---|
| | • काँचो खानेकुरा राम्ररी पखालेर खाने गरेको | |
| घरायसी सरसफाइ | • घर आँगनको सधैं सरसफाइ<br>• घरबाट निस्कने फोहोरको बर्गीकरण र व्यवस्थापन<br>• घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन<br>• घरपालुवा जनावर र पंक्षीको खोर , मलमुत्रको व्यवस्थापन<br>• धुँवा रहित भान्छा कोठा | • अवलोकन<br>• छलफल |
| वातावरणीय सरसफाइ | • खुल्ला दिसामुक्त अवस्था भएको गा.वि.स. र नगरपालिका<br>• सफा सार्वजनिक स्थलहरु तथा बाटोघाटो<br>• संरक्षित पानीको मुहानहरु र वितरण प्रणाली<br>• सफा खोला र नदीनालाहरु<br>• वायु प्रदुषण नभएको<br>• हरियाली वातावरण र पार्कको व्यवस्था | • फिल्ड अनुगमन<br>• समूह छलफल |
| | | |

## १३. श्रोत व्यवस्थापन :

**१३.१ मानव श्रोत :** खुल्ला दिसामुक्त जिल्ला घोषणाको क्रममा विभिन्न सरोकारवाला निकायहरुसँग रहेका र हाल थप भएका जनशक्तिनै यस अभियानका मुख्य जनशक्ति हुनेछन् आवश्यकता अनुसार बिषेशज्ञ सेवा खरीद गर्न सकिने छ यस पूर्ण सरसफाइ अभियानमा निम्न अनुसारको जनशक्तिको परिचालन गरिने छ

- जिल्ला , नगरपालिका तथा गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति
- राजनैतिक दलका प्रतिनिधिहरु
- जिल्ला तथा गा.वि.स. स्तरमा रहेका  सरससफाइ सहजकर्ता ,प्रशिक्षक, सामाजिक परिचालकहरु
- शिक्षक, शिक्षिका, विद्यार्थी, वाल क्लव, जुनियर युवा रेडक्रस सर्कलहरु
- गा.वि.स. तथा नगरपालिकामा संचालित अन्य विकास निर्माणसँग सम्बद्ध कार्यालयका कर्मचारीहरु
- महिला स्वास्थय स्वयंसेविका , समूह तथा समितिका पदाधिकारीहरु, आमा सकूहहरु , क्लवहरु
- सामुदायिक वन, सहकारी का प्रतिनिधिहरु तथा कर्मचारीहरु
- संचारकर्मीहरु
- सरकारी कार्यालयका प्रतिनिधिहरु
- निजीक्षेत्र
- सुरक्षा निकाय, दातृ निकाय,सहकारी संस्थाका प्रतिनिधिहरु , यातायात व्यवसायीहरु
- आम जनसमुदाय

**१३.२ आर्थिक श्रोत:** यस ३ बर्षे रणनैतिक योजनाको कार्यान्वयनका लागि निम्न अनुसारको सरोकारावालाहरुको बार्षिक बजेट संकलन तथा परिचालन हुनेछ :

k')f{ ;/;kmfO k|a\${gsf nflu cfDbfgL tyf vr{ zLif{sx?sf] cg'dfg

<table>
<tr><th>qm=;+=</th><th>cfo ljj/)f</th><th>k|lt aif{ ?</th><th>3 aif{df hDdf ?</th><th>qm=;+=</th><th>Joo ljj/)f</th><th>k|lt aif{</th><th>3 aif{df hDdf ?</th></tr>
<tr><td>1</td><td>lhNnf ljsf; ;ldlt</td><td></td><td></td><td>1</td><td>D-WASH-CC a}&ssf] cfof]hgf</td><td></td><td></td></tr>
<tr><td>2</td><td>lh=lj=;= cg'bfg</td><td></td><td></td><td>2</td><td>lhNnf sfo{bn ;+rfng</td><td></td><td></td></tr>
</table>

<table>
<tr><td>3</td><td>vfg]kfgL tyf ;/;kmfO l*lehg sfof{no</td><td></td><td></td><td>3</td><td>1 hgf ;xhstf{ / 1 ;fdflhs kl/rfns , lhNnf :t/df</td><td></td><td></td></tr>
<tr><td>4</td><td>lkmlbd gu/kflnsf</td><td></td><td></td><td>4</td><td>M/V-WASH-CC a}&s</td><td></td><td></td></tr>
<tr><td>5</td><td>uf=lj=;=x?</td><td></td><td></td><td>5</td><td>gu/kflnsf tyf uf=lj=;= :t/sf] k')f{ ;/;kmfO /)fg}lts of]hgf th"{df / clᴇd'vLs/)f</td><td></td><td></td></tr>
<tr><td>6</td><td>dlxnf tyf jfnjflnsf sfof{no</td><td></td><td></td><td>6</td><td>lhNnf :t/Lo cled"vLs/)f uf]i&L ;+rfng</td><td></td><td></td></tr>
<tr><td>7</td><td>lhNnf lzIff sfof{no</td><td></td><td></td><td>7</td><td>uf=lj=;= / gu/kflnsf :t/Lo cled"vLs/)f uf]i&L ;+rfng</td><td></td><td></td></tr>
<tr><td>8</td><td>lhNnf :jf:Yo sfof{no</td><td></td><td></td><td>8</td><td>lhNnf :t/df ;xhstf{ -k|lzIfs k|lzIf)f_ k'gtf{huL tflnd</td><td></td><td></td></tr>
<tr><td>9</td><td>;fd"bflos jg pkef]Qmf ;ldlt</td><td></td><td></td><td>9</td><td>uf=lj=;= ÷ gu/kflnsf :t/df ;xhstf{ -k|lzIfs k|lzIf)f_ k'gtf{huL tflnd</td><td></td><td></td></tr>
<tr><td>10</td><td>Pn=lh=;L=*L=kL= sfo{qmd</td><td></td><td></td><td>10</td><td>j*f tyf a:tL txdf ;/;kmfO pTk|]/s / :jo+;]ljsf kl/rfng</td><td></td><td></td></tr>
<tr><td>11</td><td>lgjf{rg If]q ljsf; sfo{qmd</td><td></td><td></td><td>11</td><td>;fdflhs kl/rfnsssf nflu yk Incentive</td><td></td><td></td></tr>
<tr><td>12</td><td>o'lg;]km</td><td></td><td></td><td>12</td><td>^f]n ^f]]ndf hfu[ltd'ns ultljlwx? ;+rfng</td><td></td><td></td></tr>
<tr><td>13</td><td>pBf]u jfl)fHo ;+#</td><td></td><td></td><td>13</td><td>IEC Materials</td><td></td><td></td></tr>
<tr><td>14</td><td>gkfn /]*qm;</td><td></td><td></td><td>14</td><td>;+rf/ dfWod kl/rfng</td><td></td><td></td></tr>
<tr><td>15</td><td>u}=;=;=</td><td></td><td></td><td>15</td><td>cg'udg tyf d'Nofª\sg</td><td></td><td></td></tr>
<tr><td>16</td><td>;xsf/Lx?</td><td></td><td></td><td>16</td><td>vfg]kfgL cfof]hgfx?sf] dd{t tyf gof+ cfof]hgf ;+rfng</td><td></td><td></td></tr>
<tr><td>17</td><td>j]nkm]o/</td><td></td><td></td><td>17</td><td>;fj{hlgs zf}rfnosf] lgdf{)f</td><td></td><td></td></tr>
<tr><td>18</td><td>s[lif ljsf; sfof{no</td><td></td><td></td><td>18</td><td>;+:yfut zf}rfnosf] lgdf{)f</td><td></td><td></td></tr>
<tr><td>19</td><td>cGo ;/sf/L tyf u}/;/sf/L lgsfox?</td><td></td><td></td><td>19</td><td>k')f{ ;/;kmfO o"'Qm uf=lj=;= , gu/kflnsf tyf j*f #f]if)ff</td><td></td><td></td></tr>
<tr><td>20</td><td>vfg]kfgL dxf;+#</td><td></td><td></td><td>20</td><td>k"/:sf/ tyf ;Ddfg sfo{qmd</td><td></td><td></td></tr>
<tr><td>21</td><td></td><td></td><td></td><td>21</td><td>lbjz tyf kj{x?sf] cfof]hgf</td><td></td><td></td></tr>
<tr><td>22</td><td></td><td></td><td></td><td>22</td><td>laif]z! k/fdz{ ;]jf kl/rfng</td><td></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 23 | Ljljw | | | 23 | ljljw | | |

## १४. सरोकारवाला निकायको भूमिका र जिम्मेवारी

| क.सं. | सरोकारवाला पक्षको विवरण | भूमिका र जिम्मेवारी |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | • जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको सल्लाहकारको रुपमा समितिको बैठकमा सहभागिता जनाउने<br>• जिल्लालाई पूर्ण सरसफाइयुक्त जिल्ला बनाउनको लागि आवश्यक पर्ने नीति निर्माणमा सहयोग गर्ने<br>• पूर्ण सरसफाइ कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला स्थित राजनैतिक दल , सरकारी तथा गैर सरकारी निकाय , सेवा प्रदायक संस्थासँग समन्वयात्मक भूमिका निर्वाह गर्ने<br>• समय समयमा नगरपालिका तथा गा.वि.स. स्तरमा भएका गतिविधिहरुको अनुगमन गर्ने<br>• जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको सल्लाहकारको भूमिका निर्वाह गरी वाधा अडचनहरु फुकाउन प्रयत्न गर्ने<br>• जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई आवश्यक सल्लाहर सुझाव उपलव्ध गराउने |
| २ | जिल्ला विकास समिति | • जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई नेतृत्व प्रदान गर्ने<br>• कार्यक्रमको मुख्य नेतृत्व लिई श्रोतको खोजी गर्ने, परिचालन र व्यवस्थापन गर्ने<br>• सबै सरकोकारवालाहरु संग समन्वयकारी भूमिका निर्वाह गर्ने<br>• जिल्लाको सरसफाइ सम्बन्धि रणनैतिक कार्य योजनाहरु तयार गर्ने र जिल्ला परिषद्बाट अनुमोदन गराउने सो को कार्यान्वयन गर्ने व्यबस्था मिलाउने<br>• कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने<br>• सरसफाइ अभियानमा राम्रो काम गर्ने संघ संस्था व्यक्तिलाई वार्षिक रुपमा जिल्ला परिषदबाट पुरस्कृत गर्ने व्यवस्था मिलाउने<br>• पूर्ण सरसफाइ प्रबर्द्धनका लागि बिभिन्न निकायमा समन्वय गर्ने |
| ३ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | • जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको सदस्य सचिवको भूमिकामा रही आफ्नो कार्यालयमा उपलब्ध आर्थिक र मानवीय श्रोतलाई खानेपानी र सरसफाइको क्षेत्रमा परिचालन गर्ने ।<br>• अभियानमा प्राविधिक नेतृत्व प्रदान गर्ने ।<br>• समितिको निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने<br>• सरसफाइ सम्बन्धी रणनीतिक योजना तयार गर्न सहयोग पुर्‍याउने<br>• सचिवालयको व्यवस्थापन गर्ने<br>• खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु परिचालन गर्ने<br>• सचिवालयमा फोकल व्यक्तिको जिम्मेवारी दिई पूर्ण सरसफाइ प्रबर्द्धनका लागि सक्रिय भूमिक निर्वाह गर्न लगाउने<br>• सूरक्षित खानेपानी र सार्वजनिक शौचालय व्यवस्थापनका लागि विभिन्न निकायहरुसँग समन्वय गरी अभियान सञ्चालन गर्ने<br>• रणनैतिक योजनामा उल्लेख गरिएका गतिविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने |
| ४. | जिल्ला शिक्षा कार्यालय | • विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रमको नेतृत्व गर्दै हरेक विद्यालयमा पूर्ण सरसफाइ कार्यक्रम सञ्चालन गर्ने<br>• एक जना अधिकृत स्तरको कर्मचारीलाई फोकलपर्सनको जिम्मेवारी दिई विद्यालय क्षेत्रको |

| | | |
|---|---|---|
| | | सरसफाइ अभियानका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न लगाउने<br>● सबै सामूदायिक विद्यालयहरुमा बाल/लैङ्गीक मैत्री सरसफाइका सूविधाहरु बनाउन विद्यालय सँग सहकार्य गर्ने<br>● राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हातधुने दिवश, पानी दिवस, चर्पी दिवस, आदि मनाउन विद्यालयहरुलाई सरिक गराउने<br>● सरसफाइमा राम्रो काम गर्ने विद्यालय परिवारलाई पुरस्कारका लागि सिफारिस गर्ने/ पुरस्कृत गर्ने<br>● पूर्ण सरसफाइ र साक्षरता अभियानलाई एकिकृत रुपमा सञ्चालन गर्ने |
| ५ | जिल्ला स्वास्थ्य कार्यालय | ● जिल्लाका हरेक स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरुमा सरसफाइ डेस्क/कर्नर राख्न लगाउने<br>● हात धुने अभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>● पूर्ण सरसफाइ कार्यक्रममा स्वयंसेवीका तथा स्वास्थ्यकर्मी परिचालन गर्ने<br>● हरेक स्वास्थ्य चौकी मार्फत खुला दिसा मुक्त/पूर्ण सरसफाइ अभियानको प्रभाव मूल्याङ्कन गरी अर्धवार्षिक रुपमा प्रतिवेदन पेश गर्ने<br>● एक जना अधिकृत स्तरको कर्मचारीलाई फोकलपर्सनको जिम्मेवारी दिई हात धुने अभियान र सरसफाइका अन्य गतिवीधिहरुमा नेतृत्वदायि भूमिका निर्वाह गर्न लगाउने |
| ६. | जिल्ला बन कार्यालय | ● जिल्लामा रहेका हरेक सामूदायिक, निजी, कवुलियती, राष्ट्रिय र शहरी वन समूहको आर्थिक श्रोत र जनशक्तिलाई सरसफाइको क्षेत्रमा प्रयोग गर्न मुख्य भूमिका निर्वाह गर्ने<br>● वन सेवा केन्द्रहरुलाई पूर्ण सरसफाइ अभियानमा लगाउने<br>● वन क्षेत्रको सरसफाइका लागि आबश्यक प्रकृया अगाडि वढाउने<br>● सरसफाइको क्षेत्रमा रहेका समस्याहरुलाई समधान गर्नका लागि आफ्नो क्षेत्रबाट हर संभव प्रयत्न गर्ने |
| ७. | जिल्ला प्राविधिक कार्यालय | ● सूरक्षित खानेपानी व्यबस्थापनका लागि खा.पा. तथा .डि.का लगायत अन्य निकायहरु सँग समन्वय गरी अभियान सञ्चालन गर्ने<br>● निर्माणाधिन तथा नयाँ खानेपानी आयोजनाहरुको सेवा क्षेत्रलाई पूर्ण सरसफाइ युक्त बनाउनका लागि आयोजनाको लागतमै २०% वजेट छुट्टयाई सो अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउने<br>● खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था परिचालन गर्ने ।<br>● एक जना अधिकृत स्तरको कर्मचारीलाई फोकलपर्सनको जिम्मेवारी दिई खा.पा तथा .डि.का.को समन्वयमा सुरक्षित खानेपानी व्यवस्थापनको लागि सक्रिय भूमिका निर्वाह गर्न लगाउने |
| ८. | जिल्ला कृषि विकास कार्यालय | ● प्रांगारिक तथा जैविक मलहरुको प्रयोग गरी खाद्यान्न उत्पादन वृद्धि कार्यक्रम सँग मल चर्पी निर्माण गर्न टेवा पुग्ने खालका कार्यक्रमहरु समावेश गरी वातावरणीय सूधार गर्न प्रयत्न गर्ने<br>● कृषि सेवा केन्द्रहरुको अगुवाईमा स्थानीय कृषि समूहहरुलाई सरसफाइको क्षेत्रमा काम गर्न लगाउने |
| ९ | सूरक्षा निकायहरु | ● पूर्ण सरसफाइ युक्त जिल्ला बनाउनका लागि जनशक्तिहरु परिचालन गर्ने । |
| १०. | महिला तथा वालवालिका कार्यालय | ● महिला समूहहरुको परिचालन मार्फत सरसफाइलाई आय आर्जन कार्यक्रम सँग आवद्ध गरी सहयोग पुर्‍याउने |
| ११. | जिल्ला पशु सेवा कार्यालय | ● गाई बस्तु, कुकुर तथा पशु पंक्षिहरुको व्यवस्थित पालन पोषण गर्नका लागि गोठ तथा मलखाद व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>● पशुजन्य रोगहरुबाट बच्न सक्ने उपायहरुबारे कार्यक्रम सञ्चालन गर्ने । |
| १२. | फिदिम नगरपालिकाको कार्यालय | ● नगरपालिका क्षेत्र भित्र सरसफाइ अभियानको नेतृत्व प्रदान गर्ने ।<br>● सरसफाइ सम्बन्धि रणनीतिक योजना निर्माण गरी परिषदबाट अनुमोदन गराई कार्यान्वयन गर्ने<br>● वार्ड स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गर्न लगाई कृयाशिल |

| | | |
|---|---|---|
| | | तुल्याउने<br>● मौजुदा जनशक्ति र आर्थिक श्रोत परिचालन र व्यवस्थापन गर्ने<br>● स्थानीय सरोकारवालाहरु सँग समन्वय गर्ने<br>● सार्वजनीक शौचालय निर्माण र व्यवस्थापन गर्ने |
| १४. | गा.वि.स.कार्यालयहरु | ● रणनीतिक योजना निर्माण गरी परीषदबाट अनुमोदन र कार्यान्वयन गर्ने<br>● स्थानीय स्तरमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>● स्थानीय श्रोत र साधनको अधिकतम उपभोग गर्न लगाउने<br>● स्थानीय सरोकारवालाहरु सँग समन्वयकारी भूमिका निर्वाह गर्ने<br>● सार्वजनिक शौचालय निर्माण र व्यवस्थापन गर्ने |
| १५. | नेपाल रेडक्रस सोसाइटी | ● जिल्ला शाखा तथा उपशाखा स्तरमा रहेका सरसफाइ सहजकर्ताको परिचालन गर्ने<br>● जिल्लामा रहेका उपशाखा एवं सहयोग समितिहरु र जुनियर तथा युवा रेडक्रस सर्कलहरुलाई सरसफाइ प्रर्वर्द्धन सम्बन्धि कृयाकलापहरुमा सरिक गराई नमूना जिल्ला बनाउने अभियान सञ्चालन गर्ने ।<br>● शाखा तथा उपशाखा विभिन्न गा.वि.स. हरुमा तथा नगरपालिकामा संचालन भैरहेका कार्यक्रमहरुमा पूर्ण सरसफाइ कार्यक्रमलाई एकिकृत रुपमा संचालन गर्ने<br>● जिल्ला शाखाका नियमिति विपद् व्यवस्थापनका कार्यक्रमहरुमा पूर्ण सरसफाइ कार्यक्रमलाई मुलप्रवाहिकरण गर्ने । |
| १६ | खानेपानी तथा सरसफाइ उपभोक्ता महाँसघं | ● जिल्ला भित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्थाहरुलाई पूर्ण सरसफाइ अभियानमा परिचालन गर्नका लागि नेतृत्वदायि भूमिका निर्वाह गर्ने<br>● संस्थामा रहेका जनशक्ति तथा स्वयंसेवकको परिचालन गर्ने |
| १७. | जिल्ला गैह्र सरकारी संस्था महासंघ | ● आबश्यकता अनुसार नगरपालिका तथा गा.वि.स.हरुमा सञ्चालन हुने पूर्ण सरसफाइ सम्बन्धी गोष्ठी/सम्मेलन/अन्तरकृया कार्यक्रमहरुमा प्राविधिक सहयोग उपलब्ध गराउने ।<br>● जिल्ला तथा स्थानिय स्तरमा कृयाशील सम्पूर्ण गैरसरकारी संस्थाहरुको परिचालन गर्ने<br>● अन्य दातृ निकायहरुलाई सरसफाईको क्षेत्रमा सहयोगका लागि आव्हान र पहल गर्ने |
| १८. | उद्योग वाणिज्य संघहरु | ● स्थानिय उपशाखाहरु सँग समन्वय गरी आ आफ्नो सेवा क्षेत्र भित्र वृक्षारोपण कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>● सार्वजनिक शौचालयहरुको निर्माण र व्यवस्थापनमा सहयोग पुऱ्याउने ।<br>● नगर क्षेत्रको फोहोर व्यवस्थापन र पूर्ण सरसफाइका लागि आबश्यक सहयोग गर्ने ।<br>● पूर्ण सरसफाइका सामग्रीहरुको बिक्री वितरणमा छुटको व्यवस्था गर्ने |
| १९. | साना शहरी खानेपानी तथा सरसफाइ आयोजना | ● आयोजना क्षेत्रको फिदिम नगरपालिकामा स्वच्छ खानेपानीको उपलव्धता, खुल्ला दिसामुक्त अभियानको स्तरोन्नती र निरन्तरताका साथै पूर्ण सरसफाइ युक्त समूदाय स्थापनाका लागि सहजिकरण गर्ने ।<br>● साझेदार गैर सरकारी संस्थामार्फत सरसफाइ प्रबर्द्धनका लागि निरन्तर रुपमा सामाजिक परिचालन गर्ने । |
| २०. | जिल्ला स्थित सम्पूर्ण सरकारी/गैह्र सरकारी निकायहरु | ● समूहहरुमा तालिम सञ्चालन गर्दा cross cutting issue को रुपमा मृत्यु दर र विरामी दर घटाउन सरसफाइ सूविधाको स्तरोन्नती र समूचित प्रयोग र पूर्ण सरसफाइ युक्त समूदाय निर्माणका लागि आबश्यक सहयोग गर्ने ।<br>● आ आफ्नो कार्यालयमा सेवाग्राहीलाई समेत उपलब्ध हुने गरी सुरक्षित खानेपानी शौचालय र हात धुनका लागि आवश्यक व्यवस्थापन गर्ने ।<br>● सरसफाइ सम्बन्धि नाराहरु अंकित फ्लेक्स तथा वोर्डहरु राख्ने । |
| २१. | वैंकर्स एसोसिएसन | ● सामाजिक सेवावापत छुट्ट्याईएको रकम मध्ये केही रकम पूर्ण सरसफाइ अभियानमा खर्च गर्नका लागि DWASSHCC सँग समन्वय गरी निदृष्ट स्थानमा खर्च गर्ने । |
| २२. | फिदिम खानेपानी तथा | ● पूर्ण सरसफाइ प्रबर्द्धनका लागि जनशक्ति परिचालन<br>● खानेपानी तथा सरसफाइको उचित व्यवस्थापनका लागि कार्ययोजना सहितको नियमिति |

| | | |
|---|---|---|
| | सरसफाइ उपभोक्ता समिति | कार्यक्रम संचालन<br>● सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन |
| २३. | पेट्रोल पम्पहरु | ● पेट्रोल पम्पहरुमा अनिवार्य रुपमा शौचालयहरुको व्यवस्था गर्ने र सेवाग्राहीहरुलाई सार्वजनिक रुपमा उपोभोग गर्न पाउने व्यवस्था मिलाउने<br>● फोहोर व्यवस्थापनका लागि उचित व्यवस्थापन गर्ने |
| २४. | यातायात व्यवसायी संघ/संस्थाहरु | ● आ आफ्ना सवारी साधनहरुमा आउने जाने यात्रीहरुलाई दिसा गर्नका लागि सार्वजनिक शौचालय भएका स्थानहरुमा मात्र गाडि रोक्ने व्यवस्था मिलाउने ।<br>● यात्रीहरुबाट निस्कने ठोस फोहर बस्तुहरु सवारी साधन भित्रै जम्मा गर्न लगाई निर्दिष्ट स्थानमा मात्र विसर्जन गर्ने व्यवस्था मिलाउने । |
| २५. | गोवर ग्याँस कम्पनी/संघ सस्थाहरु | ● वायो ग्याँस जडित चर्पी निर्माण गर्नका लागि जनचेतना अभिवृद्धिका साथै थप छुट रकमको व्यवस्था मिलाउने । |
| २६. | राजनितिक पार्टी | ● राजनैतिक प्रतिवद्धता जनाइ नगरपालिका/गा.वि.स स्तरमा रहेका आफ्नो मातहतका संघ-संस्था, कार्यकर्ता परिचालन गर्ने<br>● श्रोतको खोजी तथा परिचालन गर्ने गराउने<br>● पार्टीबाट निकालिने प्रचार, प्रसार सामग्रीहरुमा सरसफाई सम्बन्धि नारा अंकित गर्ने ।<br>● सरसफाइ अभियानको प्रभाबकारी अनुगमनमा सक्रिय सहभागिता जनाई हौसला प्रदान गर्ने |
| २७. | टोल बिकास संस्था समन्वय समिति | ● वार्ड स्तरिय सरसफाइ समन्वय समितिहरु गठन, परिचालन तथा बिद्यालय र नगर समन्वय समिति बिच पुलको भुमिका निभाउने |
| २८. | सञ्चार माध्यम | ● चर्पी प्रयोग, सरसफाइ कार्यक्रम, कृयाकलाप र खुल्ला दिसा मुक्त घोषणा अभियानको अबलोकन, मुल्यांकन र बिभिन्न संचार माध्यमहरुमा संप्रेषण गर्ने<br>● समय समयमा पूर्ण सरसफाइ अभियानको अनुगमन तथा सुपरीवेक्षण गर्ने<br>● पूर्ण सरसफाइ सम्बन्धि सूचनाहरु सम्प्रेषण गर्ने |
| २९ | दातृ निकाय | ● आर्थीक , भौतिक , प्राबिधिक एंव मानवीय सहयोग उपलब्ध गराउने<br>● जिल्लाको लागि आबश्यक पर्ने शिक्षा, सूचना र सञ्चार सामग्रीको निर्माण गर्ने र आबश्यकता अनुसार संबन्धित निकायलाई उपलब्ध गराउने |
| ३० | GWS | ● खानेपानी तथा सरसफाइ आयोजनाहरु अन्तर्गत चर्पी निर्माण तथा प्रबर्धन गरी सेवाक्षेत्र लाई पूर्ण सरसफाइ युक्त घोषणा गर्ने र अनुगमन गर्ने । |
| ३१. | होटल व्यवसायी संघ पाँचथर | ● आ आफ्नो होटलबाट निस्कने फोहरहरुको सूरक्षित रुपमा विर्सजन गर्न लगाउने ।<br>● सेवाग्राहीहरुले प्रयोग गर्न सक्ने गरी शौचालय, सुरक्षित खानेपानी र हातधुने ठाँउको अनिवार्यरुपमा व्यवस्था गर्ने लगाउने ।<br>● सार्वजनिक शौचालयहरुको निर्माण र व्यवस्थापनमा आबश्यक सहयोग गर्ने । |
| ३२ | पर्यटन विकास समिति | ● पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरुको सरसफाइको व्यवस्था मिलाउने<br>● पर्यटकिय स्थलहरुमा सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापनमा आबश्यक सहयोग गर्ने । |
| ३३ | पाँचथर अस्पताल विकास समिति | ● अस्पतालबाट निस्कने फोहोरहरुको वर्गिकरण गरी स्वास्थ्यको दृष्टिकोणले नकरात्मक असर पार्ने किसिमका फोहोरहरुको विसर्जनका लागि आ आफ्नै हाता भित्र आबश्यक व्यवस्था मिलाउन लगाउने ।<br>● अस्पतालमा आउने विरामी र कुरुवाहरुको सुविधाका लागि सुरक्षित शौचालय, खानेपानी र हातधुनका लागि आबश्यक व्यवस्था गर्न लगाउने , प्.स्वा.के , स्वास्थ्य तथा उप स्वास्थ्य चौकी , आयुर्वेदालयहरु समेत |

## १५. जोखिम व्यबस्थापन

| सम्भावित जोखिम | जोखिम न्यूनीकरणको उपाय |
|---|---|
| प्रयोगकर्ता मैत्री संरचनाहरुको निर्माण र पुर्ननिर्माण गर्न, उक्त संरचनाहरुको उचित प्रयोग र सरसफाइ व्यवस्थापन | जिल्लामा प्रयोगमैत्री सुबिधा निर्माणको लागि आचार संहिता तयार गरी लागू गर्ने । |
| वर्षातको समयमा पानी प्रदुषित हुने | पानी शुद्धिकरणका घरेलु विधीहरुको प्रयोग, खानेपानीका मुहानहरुको संरक्षण गर्ने , Water safety plan तयारी र कार्यान्वयन |
| वन विनास तथा जलवायु परिवर्तनको असरबाट पानीका श्रोतहरु सुक्दै गएकोले पानीका श्रोतहरु कम हुन सक्ने | वैकल्पिक पानीका श्रोतहरु जस्तै वर्षादको पानी संकलन, Lift System र श्रोत संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने |
| खानेपानी तथा सरसफाइको क्षेत्रमा हालको वार्षिक विनियोजन अत्यन्तै न्यून रहेकाले प्रस्तावित योजना प्रभावित हुन सक्ने | सहलगानीका आयोजनाहरुलाई प्राथमिकता दिंदै नेपाल सरकार लगायत दातृ निकायहरुलाई लगानी वढाउन अनुरोध गर्ने |
| निर्माण भएका शौचालयहरुको उचित प्रयोग, मर्मत तथा सम्भार नहुने | शैचाालयको निर्माण, प्रयोग,मर्मत तथा सम्भारको नियमित अनुगमन र उत्प्रेरणामूलक गतिविधिहरुको संचालन |
| प्राकृतिक प्रकोपका कारण निर्माण भएका खानेपानी तथा सरसफाइको संरचनाहरुको क्षति हुने | खानेपानी आयोजनाहरु तथा सार्वजनिक शौचालयहरुको बीमा व्यवस्थापनका लागि कार्य अगाडी बढाइने |
| • वजेटको अभाव हुन सक्ने ।<br>• कमजोर अनुगमन तथा सुपरिवेक्षण र समन्वयको अभाव । | • स्थानीय साधन र स्रोतको परिचालन र विद्यालयको नियमित कार्यकममा सरसफाइ कार्यक्रमलाई समावेस गर्ने ।<br>• स्व अनुगमनलाई बढी जोड दिने , स्रोत केन्द्रलाई बढी परिचालन गर्ने |

## १६. संगठनात्मक ढाँचा



## १७.समितिको काम , मर्तव्य  र जिम्मेवारी

१७.१  यस योजना अनुसार जिल्ला खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिले निम्न कार्यहरु गर्नेछ :

- सरसफाइ सम्बन्धि जिल्ला स्तरको विवरण, आवश्यक पर्ने नीति तथा रणनीतिहरु तय गर्ने
- पूर्ण सरसफाइ रणनैतिक योजनालाई जिल्ला परिषद्‌बाट स्विकृत गराउने
- पूर्ण सरसफाइ कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा नगरपालिका तथा गा.वि.स. स्तरको समितिलाई सहयोग पुर्‌याउने
- नगरपालिका तथा गा.वि.स.मा संचालित सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्य सम्पादनको अनुगमन गर्ने
- यस अघि स्थापना भएको जिल्ला स्तरीय सरसफाइ कोषको बृद्धि र परिचालन गर्ने
- नगरपालिका तथा गा.वि.स. लाई आर्थिक श्रोत उपलव्ध गराई पूर्ण सरसफाइ युक्त क्षेत्र घोषणामा प्रोत्साहन गर्ने
- गरीब तथा सामाजिक रुपमा पिछडीएका बर्गहरुलाई ध्यानमा राखी लैगिक, समावेशी र सहभागितामूलक योजना तर्जुमा, चुनौतिहरुको पहिचान तथा सहयोगको व्यवस्था गर्ने
- पूर्ण सरसफाइ कार्यक्रमको पूनरावलोकनका लागि ३ /३ महिनामा समक्षिा गोष्ठीको आयोजना गर्ने
- बार्षिक समिक्षा कार्यशालाको आयोजना गर्ने
- नीजी क्षेत्रलाई खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्न अनुकुल वातावरणको सृजना गर्ने
- जिल्ला स्तरको सचिवालयमा खानेपानी , सरसफाइ तथा स्वच्छताको डाटावेश अद्यावधिक गर्ने
- विकासका साझेदारहरु सँग सम्बन्ध विस्तार गरि ठोस सहयोग प्राप्त गर्ने
- सहकार्य र सूचना आदान प्रदानको लागि राष्ट्रिय सरसफाइ समन्वय समिति र क्षेत्रिय स्तर खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सँग समन्वय र सहकार्य गर्ने
- जिल्ला स्तरीय गतिविधिहरुको कार्ययोजना तयार गर्ने र कार्यान्वयन गर्ने
- उपयुक्तता र समयानुकुल नौला तथा सृजनशील कृयाकलापहरु संचालन गर्ने

१७.२. यस योजना अनुसार नगरपालिका/गा.वि.स. स्तरीय  खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समितिले निम्न कार्यहरु गर्नेछ :

- स्थानिय स्तरको सरसफाइको वर्तमान अवस्थाको विवरण संकलन र बिष्लेषण गर्ने
- नगरपालिका/गा.वि.स. र वडा स्तरको योजना तर्जुमा कार्यमा सहयोग गर्ने, बस्ती तथा टोलहरुमा सरसफाइ व्यवहार परिवर्तन प्रक्रिया शुरु गराउने वडा स्तरीय समिति पुनर्गठन  र परिचालनमा सहयोग गर्ने
- यस कार्यक्रम कार्यान्वयनका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति गठन/पुनर्गठन  गर्ने र महिला सहभागिताको सुनिश्चितता गर्ने
- नगरपालिका गा.वि.स.स्तरमा प्रज्वलक टोलि ( Ignition Team ) परिचालनमा सहयोग गर्ने, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धनका विभिन्न कृयाकलापहरुको नियमित रुपमा सुपरीवेक्षण अनुगमन गर्ने
- घरायसी खानेपानी आपूर्ति आयोजना क्षेत्र  र सरसफाइ प्रबर्द्धन कार्यमा विवादको सृजना भएमा विवाद व्यवस्थापन गर्ने
- वडा, गा.वि.स.तथा नगरपालिका स्तरमा पूर्ण सरसफाइ कार्यक्रमको प्रगती समिक्षा गर्ने र सोको प्रतिवेदन D-WASH-CC लाई उपलव्ध गराउने
- नगरपालिका तथा गा.वि.स. स्तरको तालिमको आयोजना , व्यवस्थापन र समन्वय गर्ने , टोल र बस्ती सम्म जागृतिमूलक कार्यक्रमहरुको आयोजना गर्ने
- नगरपालिका तथा गा.वि.स . स्तरीय सरसफाइ कोषको स्थापना र संचालन गर्ने
- वडा, गा.वि.स. र नगरपालिकामा संचालन भैरहेको पूर्ण सरसफाइ कार्यक्रमको अनुगमन गरि सम्पूर्ण सूचकहरु पूरा भएकोलाई पूर्ण सरसफाइयुक्त वडा, गा.वि.स. , नगरपालिका घोषणा गर्ने र पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने
- यस अभियानमा सक्रिय रुपमा भूमिका निर्वाह गर्ने, संस्था, समूह तथा व्यक्तिहरुलाई पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने

१८. यस कार्यक्रमका सहजकर्ता र सामाजिक परिचालकहरुले गर्नुपर्ने कामको विस्तृत विवरण निजहको कार्य विवरणमा उल्लेख गरिने छ।

१९. अनुगमन तथा मूल्याङकन खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्यान्वयनद्धारा खुल्ला दिसामुक्त अवस्था प्रप्ती भएको र सो अवस्था दिगो रहेको कुराको सुनिश्चितता गर्न विभिन्न तहमा अनुगमनको संयन्त्र स्थापना गरिने छ। यस्तो संयन्त्र स्थापना गर्न र सक्रिय तुल्याउन जिल्ला /नगरपालिमा/गा.वि.स. स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले नेतृत्वदायी भूमिका खेल्ने छन्। सरसफाइ सम्बन्धि कृयाकलापहरुको अनुगमनका सूचकहरु खानेपानी, सरसफाइ, स्वास्थ्य, शिक्षा र स्थानिय विकास सम्बन्धि क्षेत्रगत कृयाकलापहरु सँग मेलखाने गरि तयार गरिने छ । अनुगमन तथा मूल्याङकन कार्य खासगरि लगानी, प्रक्रिया, नतिजा र प्रभाव तहमा गरिने छ साथै जि.वि.स. नगरपालिका र गा.वि.स. तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यक्रमको अभिलेखीकरण र रिपोर्टीङ गर्ने कार्यलाई सुदृढ गरिने छ। विद्यालय र समुदाय स्तरका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकनका लागि गा.वि.स. र नगरपालिका तहको अनुगमन टोली गठन गरिने, गा.वि.स. र नगरपालिका तहका कृयाकलापहरुको मूल्याङकनको लागि जिल्ला अनुगमन टोली गठन गरिने छ। यो टोलीले पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानी परिवर्तन घोषणा सम्बन्धि प्रक्रियालाई सहज तुल्याउने र सम्बन्धित तहमा यसको जाँच र लेखाजोखा गर्नेछन्। अनुगमन कार्यमा एकरुपताको लागि अनुगमन योजना तथा प्रतिवेदनको निर्दिष्ट फाराम चेक लिष्ट सहितको फरामको व्यवस्था ( तयारी ) गरिने छ। अनुगमन टोलीहरुले आ आफ्नो क्षेत्रमा खास गरि देहायका अवसरहरुको साथै आवश्यकता अनुसार अन्य अवस्थामा समेत भ्रमण गर्नेछन्।

- गा.वि.स., नगरपालिका को बार्षिक योजना तर्जुमाका अवस्थामा
- बार्षिक योजनाको पूनरावलोकन हुँदाको अवस्थामा र पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानी परिवर्तन भएको कुराको प्रमाणिकरण र शिफारीस गर्ने
- पूर्ण सरसफाइ तथा स्वच्छताको आनीबानी परिवर्तन भएको घोषणाको अवसरमा

२०. तथ्याङ्क संकलनका लागि फारामहरु :

**२०.१ चर्पीको प्रयोग सम्बन्धमा ( कति प्रतिशत घरधुरीले )**

| | **वडा नं** | | | | | | | | | | **औसत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| सबैले सधैं चपीमा दिसा गर्दछन् | | | | | | | | | | | |
| चर्पीको सरसफाइ नियमित गर्दछन् | | | | | | | | | | | |
| चर्पीको लागि साबुन र पानीको व्यवस्था छ | | | | | | | | | | | |

२०.२ साबुन पानीले हात धुने बानी सम्बन्धमा ( कति प्रतिशत मानिसहरुले तल उल्लेखित समयमा साबुन पानीले हात धुने गर्दछन्)

| | वडा नं | | | | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| चर्पीको प्रयोग पछि | | | | | | | | | | | |
| खाना बनाउनु र खानु अघि | | | | | | | | | | | |
| खाना बनाउनु , खानु र खुवाउनु अघि | | | | | | | | | | | |
| कुनै फोहोर कुरा र बिषादी छोएपछि | | | | | | | | | | | |
| बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि | | | | | | | | | | | |

२०.३ सुरक्षित पानी सम्बन्धमा ( कति प्रतिशत घरधुरीले )

| | वडा नं | | | | | | | | | | **औसत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| पानी पिउने खन्याउने , राख्ने भाँडो सफा र छोपेर राख्दछन् | | | | | | | | | | | |
| सुरक्षित मुहानको पानी खाने गर्दछन् | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी सुरक्षा योजना लागू भएको वितरण प्रणालीको पानी पिउने गर्दछन् | | | | | | | | | | | |
| पीउने पानी असुरक्षित भए शुद्धीकरण गरि पीउने गर्दछन् । | | | | | | | | | | | |

२०.४ **सुरक्षित खाना सम्बन्धमा ( कति प्रतिशत घरधुरीले )**

| | वडा नं | | | | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| पकाउने भाँडा, भान्सा सफा तथा छोपेर राख्दछन् | | | | | | | | | | | |
| राम्ररी पकाएर मात्र खाने गर्दछन् | | | | | | | | | | | |
| खानेकुरा सुरक्षित भण्डारण गर्दछन् | | | | | | | | | | | |
| पकाएको र काँचो खानेकुरालाई अलग अलग गर्दछन् | | | | | | | | | | | |
| सुरक्षित पानी र खाद्यबस्तुको मात्र प्रयोग गर्दछन् | | | | | | | | | | | |

२०.५ **सफा घर आँगन सम्बन्धमा ( कति प्रतिशत घरधुरीले )**

| | वडा नं | | | | | | | | | | औसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| घर आँगनको सधैं सफाइ गर्दछन् | | | | | | | | | | | |
| घरबाट निस्कने फोहोरको वर्गीकरण तथा व्यवस्थापन गरेका छन् | | | | | | | | | | | |
| घरबाट निस्कने फोहोर पानीको व्यवस्थापन गरेका छन् | | | | | | | | | | | |
| पशुपंक्षिका लागि खोर व्यवस्थापन गरेका छन् | | | | | | | | | | | |
| धुँवा रहित भान्सा कोठाको व्यवस्थापन गरेका छन् | | | | | | | | | | | |

## २१. अनुसूचिहरु

२१.१ पूर्ण सरसफाइ प्रवर्द्धनका हाल सम्मका कृयाकलापहरु

२१.२ पाँचथर जिल्लाको गा.वि.स. स्तरको खानेपानी , सरसफाइ तथा स्वच्छताको तथ्याङ्क